**निर्णयहरु**

१. मर्स्याङ्दी गाउँपालिकाको गाउँसभाले आ.व. २०७४/०७५ का लागि होमस्टे प्रबर्द्धन कार्यक्रममा रु १० लाख विनियोजन गरेकोमा पहिलो चरणमा उक्त वजेटबाट निम्नानुसारका स्थानहरुमा होमस्टे सञ्चालन भएका गाउँहरुलाई लक्षित गरि हिमालयन कलेज अफ हस्पिटालिटी म्यानेजमेन्ट प्रा.लि., पोखरा सँग सम्झौता गरि तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

- २०७४ चैत्र १५ गतेबाट ६ दिन ( घनपोखरा र भलामचौर गाउँहरु सहभागी हुने )

  स्थान : मर्स्याङ्दी गा.पा. १, नायू ।

- २०७४ चैत्र २१ गतेबाट ६ दिन ( ढगै र शिउरुङ् गाउँहरु सहभागी हुने )

  स्थान : मर्स्याङ्दी गा.पा. ३, शिउरुङ् ।

- २०७४ चैत्र २४ गतेबाट ६ दिन ( भिरपुस्तुन, उस्ता, नयाँगाउँ र भुस्मे गाउँहरु सहभागी हुने )

  स्थान : मर्स्याङ्दी गा.पा. ७, झादी ।

- २०७४ वैशाख ३ गतेबाट ६ दिन ( छापा, मिप्रा, खानीगाउँ र सन्जापु गाउँहरु सहभागी हुने )

  स्थान :मर्स्याङ्दी गा.पा. ५, खानीगाउँ ।

साथै दोस्रो चरणमा होमस्टे सञ्चालित गाउँहरुका समितिका पदाधिकारी तथा होमस्टे सञ्चालक र गाउँकार्यपालिकाका सदस्य सहित संलग्न गराई अध्ययन अवलोकन भ्रमण लैजाने निर्णय गरियो ।

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ का अनुसार **गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाटबजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग गरेबापत बहाल बिटौरी शुल्क लगाउन पाउने** व्यवस्था भएकोले यस गाउँपालिकाको विभिन्न स्थानमा सरकारी तथा सार्वजनिक स्थानहरुमा वसोवास गरेका बस्तीहरु सँग आवश्यक शुल्क लिनका लागि निम्नानुसारको समिति गठन गरी सो समितिले ती सार्वजनिक जमिनहरुको मापन तथा उपयोग गर्ने व्यक्तिको विवरण संलग्न राखी गाउँपालिकामा प्रतिवेदन बुझाउने निर्णय गरियो ।

संयोजक- गाउँपालिका उपाध्यक्ष श्री होम बहादुर बि.क.

सदस्य- वडा अध्यक्ष श्री लिलाप्रसाद घले

सदस्य- वडा अध्यक्ष श्री युवा घले

सदस्य - वडा अध्यक्ष श्री चेत बहादुर गुरुङ्

सदस्य- प्राविधिक श्री उमेश घले

सदस्य सचिव- प्रशासन तथा योजना शाखा प्रमुख श्री डिल्ली राम शर्मा

- सरकारी तथा सार्वजनिक स्थलहरुमा यस अघिनै बस्दै आएका सुकुम्बासीहरुको लागि निशुल्क बसोबासको व्यवस्था गरी भविश्यमा स्थायी बसोवासको लागि पहल गर्ने निर्णय गरियो ।
- साथै निर्धारित मापदण्ड पुरा गरी सार्वजनिक जमिनमा व्यवसाय वा अन्य कानुन अनुसारका गतिविधि सञ्चालन गर्ने प्रयोजनले अनुमति माग भई आएमा अनुमति प्रदान गर्ने निर्णय गरियो ।

३.स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को ङ(६) अनुसार **स्थानीयस्तरमासार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार , उपयोग र व्यवस्थापनको अधिकार**गाउँपालिकाको भएको र मर्स्याङ्दी गाउँपालिका वडा नं. ६, दोभानचौरमा टि.जि. कन्स्ट्रक्सनलाई दर्ता लगायतका प्रक्रिया पुरा गरि यसै बैठकको निर्णय नं. २ मा व्यवस्था भएको समितिले सिफारिस गरे अनुसारसम्झौता गरी काम गर्न दिने निर्णय गरियो ।

४.मर्स्याङ्दी गाउँपालिकाको गाउँसभाले कन्टेन्जेन्सी तर्फ रु ३१,३४,०००।०० विनियोजन गरेकोमा सो विनियोजित रकमलाई निम्नानुसारको कार्यक्रम बनाई खर्च गर्ने निर्णय गरियो ।

- आयोजना सर्वेक्षण वा सम्भाव्यता अध्ययन, डिजाइन, ड्इङ लागत अनुमान तथा वातावरणीय, सामाजिक र प्राविधिकअध्ययनसम्बन्धी खर्च रु ४,५०,०००।००
- उपभोक्ता समितिलाई तालिम खर्च रु १,६०,०००।००
- वडा स्तरीय तथा गाउँपालिका स्तरीय अनुगमन तथा मूल्यांकन समितिको बैठक भत्ता तथा अनुगमन तथा मूल्याँकन खर्च रु १०,५०,०००।००
- फरफारक समितिको बैठक भत्ता खर्च रु ३,५०,०००।००
- प्राविधिक कर्मचारीको तलव भत्ता खर्च रु ४,५०,०००।००
- प्राविधिक सामग्री तथा अन्य आवश्यक सामग्री खरिद खर्च रु ४,००,०००।००
- योजना छनौट, कार्यान्वयन र योजनाको गुणस्तरबृद्धिका लागि जनप्रतिनिधि तथा कर्मचारीलाई क्षमता अभिबृद्धि तालिम गोष्ठी खर्च रु २,७४,०००।००

जम्मा रु ३१,३४,०००।००

५. मर्स्याङ्दी गाउँपालिकाको गाउँसभाले आ.व. २०७४/७५ का लागि वडा नं. ८ मा अवस्थित लालीगुराँस सिकाई केन्द्रका लागि रु १ लाख वजेट विनियोजन गरेको र उक्त केन्द्रद्धारा डेस्कटप र ल्यापटप माग भएकोमा उक्त सामग्रीहरु खरिद गरि गाउँपालिकाको कार्यालयमा दाखिला गरि हस्तान्तरण गर्ने निर्णय गरियो ।

६. यस गाउँपालिकाको कार्यालयमा इलेक्ट्रिकल सम्बन्धि प्राविधिक नभएको जसले गर्दा विद्युतीकरण सम्बन्धी केही आयोजनाहरुको ईस्टीमेट गर्न असहज भएकोले मर्स्याँङ्दी गाउँपालिका ३, खुदी हाइड्रोमा कार्यरत ईलेक्ट्रीकल सव ओभरसियर श्री दुर्गा बहादुर तामाङ्लाई नियमानुसारले दैनिक भ्रमण भत्ता उपलब्ध गराई ईस्टीमेट, कामको अनुगमन तथा मुल्याँकन गर्न लगाउने निर्णय गरियो ।

७.गाउँपालिका भित्र सञ्चालन हुने विद्युतीकरण आयोजनाहरुमा जनश्रम १५प्रतिशत हुनुपर्ने निर्णय गरियो ।

८. मर्स्याङ्दी गाउँपालिका भित्र कक्षा ८ को परीक्षा गाउँपालिकास्तरमा सञ्चालन गर्नका लागि स्थानीय, प्रदेश तथा संघीय कानुनले अर्को व्यवस्था गरेमा सोही बमोजिम हुने गरी **आधारभूत शिक्षा उत्तीर्ण कार्यविधि, २०७४**सर्वसम्मतले पारीत गर्ने निर्णय गरियो ।

९. मर्स्याङ्दी गाउँपालिका स्थानीय राजपत्र सम्बन्धी कार्यविधि, २०७४ सर्वसम्मतले पारीत गर्ने निर्णय गरियो ।

१०. मर्स्याङ्दी गाउँपालिकाको गाउँसभाबाट गाउँपालिकामा अवस्थित मा.वि. स्कूलहरुमा शैक्षिक गुणस्तरमा सुधार गर्ने उद्देश्यले टिच फर नेपाल सँग सहकार्य गरि थप शिक्षक उपलब्ध गराउनका लागि यस आ.व. २०७४/०७५ का लागि **टिच फर नेपाल सँगको साझेदारी कार्यक्रम** का लागि रु पाँच लाख रकम विनियोजन गरेकोमा सो सँस्था सँग सम्झौता गरी काम अगाडी बढाउने निर्णय गरियो ।

११. मर्स्याङ्दी गाउँपालिकाको मिति २०७४ मार्ग १५ गते बसेको गाउँसभाले असक्त,असाहय,विपन्न सहायता कोषमा रु ५ लाख विनियोजन गरेकोमा गाउँपालिका भित्रका निम्नानुसारका व्यक्तिहरुलाई निम्नानुसारका दरले सहयोग गर्ने निर्णय गरियो ।

- मर्स्याङ्दी गाउँपालिका वडा नं. १ बस्ने क्यान्सर रोगी श्री मोती गुरुङ्लाई रु २०,०००।०० सहयोग गर्ने निर्णय गरियो ।
- मर्स्याङ्दी गाउँपालिका वडा नं. २ बस्ने क्यान्सर रोगी श्री देवीमाया गुरुङ्लाई रु २०,०००।०० सहयोग गर्ने निर्णय गरियो ।
- मर्स्याङ्दी गाउँपालिका वडा नं. २ बस्ने हर्नियाँ,कलेजो तथा पाठेघरको रोगबाट पिडित रोगी श्री कामना तामाङ्लाई रु १०,०००।०० सहयोग गर्ने निर्णय गरियो ।

- मर्स्याङ्दी गाउँपालिका वडा नं. २ बस्ने प्यारालाईसिस र पायल्स रोगबाट पिडित श्री पुतली बहादुर गुरुङ् लाई रु १०,०००।०० सहयोग गर्ने निर्णय गरियो ।
- मर्स्याङ्दी गाउँपालिका वडा नं. २ बस्ने २ वर्षबाट मृगौला रोगबाट पिडित तथा उपचाररत तथा अति विपन्न श्री घामछायाँ तामाङ् लाई रु १०,०००।०० सहयोग गर्ने निर्णय गरियो ।
- मर्स्याङ्दी गाउँपालिका वडा नं. २ बस्ने २ वर्षबाट उपचाररत तथा अति विपन्न श्री काली कामी लाई रु १०,०००।०० सहयोग गर्ने निर्णय गरियो ।
- मर्स्याङ्दी गाउँपालिका वडा नं. ४ बस्ने क्यान्सर रोगी श्री नौ कासी गुरुङ् लाई रु २०,०००।०० सहयोग गर्ने निर्णय गरियो ।
- मर्स्याङ्दी गाउँपालिका वडा नं. ४ बस्ने क्यान्सर रोगी श्री जीत माया तामाङ् लाई रु २०,०००।०० सहयोग गर्ने निर्णय गरियो ।
- मर्स्याङ्दी गाउँपालिका वडा नं. ८ बस्ने क्यान्सर रोगी श्री सविता गुरुङ् लाई रु २०,०००।०० सहयोग गर्ने निर्णय गरियो ।
- मर्स्याङ्दी गाउँपालिका वडा नं. ६ बस्ने मुटुको भल्भ फेरेका श्री प्रेम बहादुर घिमिरे लाई रु २०,०००।०० सहयोग गर्ने निर्णय गरियो ।
- मर्स्याङ्दी गाउँपालिका वडा नं. ६ बस्ने मुटु रोगी श्री धन प्रसाद गुरुङ् लाई रु ५,०००।०० सहयोग गर्ने निर्णय गरियो ।
- मर्स्याङ्दी गाउँपालिका वडा नं. ८ बस्ने मुटु रोगी तथा विपन्न श्री काली दमै लाई रु ५,०००।०० सहयोग गर्ने निर्णय गरियो ।
- मर्स्याङ्दी गाउँपालिका वडा नं. ८ बस्ने मुटु रोगी तथा विपन्न श्री देव माया घर्ती लाई रु ५,०००।०० सहयोग गर्ने निर्णय गरियो ।
- मर्स्याङ्दी गाउँपालिका वडा नं. ८ बस्ने बिरामी तथा अति विपन्न श्री मंगले घर्ती लाई रु ५,०००।०० सहयोग गर्ने निर्णय गरियो ।
- मर्स्याङ्दी गाउँपालिका वडा नं. ८ बस्ने बिरामी तथा अति विपन्न श्री कृष्ण बहादुर गुरुङ् लाई रु ५,०००।०० सहयोग गर्ने निर्णय गरियो ।

१२. असक्त,असाहय,विपन्न सहायता कोषबाट सहायताका लागि निर्णय गरिएका रु ५,०००।०० सम्मका रकमहरुमा सकेसम्म बिल लिने र कतिपय अवस्थामा आर्थिक विपन्नताले सोही रकम लिएर उपचार गर्न समेत जानुपर्ने भएकोले सो अवस्थामा बिल बिना पनि भुक्तानी दिने निर्णय गरियो । सो भन्दा माथीको हकमा हस्पीटलबाट रोग पहिचान भएको प्रमाण र बिलका आधारमा मात्र भुक्तानी गर्ने निर्णय गरियो ।

१३. मर्स्याङ्दी गाउँपालिका वडा नं. ३ निवासी श्री कन्य बहादुर गुरुङ्को धन्सार आगलागी भएको र सो को प्रहरी मुचुल्का समेत प्राप्त भएकोमा विपद व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी रु १०,०००।०० सहयोग गर्ने निर्णय गरियो ।

१४. मर्स्याङ्दी गाउँपालिका ५, लिली भीरको बाटोमा खसेको ढुङ्गा हटाई बाटो खुलाउन खर्च भएको रु ८,०००।०० विपद व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

१५. शिलादेवी युवा क्लव, मर्स्याङ्दी ३, शिउरुङ्ले २०७४ फागुन ७ गतेबाट सञ्चालन गरेको फुटबल प्रतियोगिताको लागि धार्मिक सांस्कृतिक साहित्यिक महोत्सव दिवस शिर्षकमा विनियोजन भएको शिर्षकबाट भुक्तानी हुने गरी रु २५,०००।०० दिने निर्णय गरियो ।

१६. कालीका युवा क्लव, मर्स्याङ्दी ६, भिरपुस्तुनले चैत्र नवमीको उपलक्षमा आयोजना गर्न लागेको फुटबल प्रतियोगिताको लागि धार्मिक सांस्कृतिक साहित्यिक महोत्सव दिवस शिर्षकमा विनियोजन भएको शिर्षकबाट भुक्तानी हुने गरी रु २५,०००।०० दिने निर्णय गरियो ।

१७.स्वतन्त्र पत्रकार संघ, लमजुङ् शाखाले पर्यटन प्रवर्द्धन सम्बन्धी गोष्ठिको आयोजना गरेको र सो गोष्ठीमा गाउँपालिकाबाट समेत सहभागी भएकोले सो संस्थालाई धार्मिक सांस्कृतिक साहित्यिक महोत्सव दिवस शिर्षकमा विनियोजन भएको शिर्षकबाट भुक्तानी हुने गरी रु १०,०००।०० दिने निर्णय गरियो ।

१८.मञ्जरी नाट्य समुहले बाल अधिकार सम्बन्धी नाटक पानीघट्ट मञ्चन गरेकोमा सो संस्थालाई विविध शिर्षकमा विनियोजन भएको शिर्षकबाट भुक्तानी हुने गरी रु ५,०००।०० दिने निर्णय गरियो ।

१९. नेपाल अलैंची महासंघले अलैंची महोत्सव आयोजना गरेको र सो कार्यक्रममा गाउँपालिकाका किसानहरुले समेत भाग लिन गएकोले सो संस्थालाई विविध शिर्षकमा विनियोजन भएको शिर्षकबाट भुक्तानी हुने गरी रु १५,०००।०० दिने निर्णय गरियो ।

२०. २०७४ चैत्र १७ देखि १९ मा काठमाडौंमा हुन गईरहेको गाउँपालिका महासंघको राष्ट्रिय महाधिवेशनमा सहभागीताका लागि रु ५,०००।०० र महासंघको सदस्यता शुल्क वापतको रु २०,०००।०० गरी जम्मा रु २५,०००।०० विविधशिर्षकमा विनियोजन भएको शिर्षकबाट भुक्तानी हुने गरी दिने निर्णय गरियो ।

२१.नेपाल पब्लीक क्याम्पस संघले एउटा प्रोफाईल तयार गर्न लागेको र सो प्रोफाईलमा मर्स्याङ्दी गाउँपालिका सम्बन्धी सूचना प्रकाशन गरेवापत नेपाल पब्लीक क्याम्पस संघलाई विविध शिर्षकमा विनियोजन भएको शिर्षकबाट भुक्तानी हुने गरी रु १०,०००।००दिने निर्णय गरियो ।

२२. प्रविधिमैत्री गाउँपालिका सञ्चालन शिर्षकबाट पहिलो चरणमा गा.पा. र सवै वडाहरुमा नेट जडान गर्ने निर्णय गरियो । साथै चालु तर्फको सञ्चार महशुल शिर्षकमा बजेट कम भएकोले यस आर्थिक वर्षका लागि लाग्ने सम्पूर्ण मासिक चार्ज पनि यसै कार्यक्रम प्रविधिमैत्री गाउँपालिका सञ्चालनबाट व्यहोर्ने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

२३. यस गाउँपालिकाको गाउँसभाले वडा स्तरीय, गाउँपालिका स्तरीय आयोजनाहरु र अन्य कार्यक्रमहरु गरी ४५० भन्दा बढी आयोजनाहरु तथा कार्यक्रमहरु भएकोले गाउँपलिका स्तरीय अनुगमन समितिबाट ५ लाख वा सो भन्दा माथीका आयोजनाहरुमा अनिवार्य रुपमा अनुगमन गर्ने र सो रकम भन्दा कमका आयोजनाहरुमा वडा स्तरीय अनुगमन समितिले अनुगमन गर्ने र समयले भ्याए सम्म गाउँपालिका स्तरीय अनुगमन समितिबाट समेत अनुगमन गर्ने निर्णय गरियो ।

२४. मर्स्याङ्दी गाउँपालिकाको गाउँसभाबाट वडा नं. ९ मा बुटिक तालिम सञ्चालनका लागि रु १,५०,०००।०० बजेट विनियोजन भएकोमा उक्त तालिम वडा स्तरीय महिला समिति ( सञ्जाल ) द्धारा सञ्चालन गराउने निर्णय गरियो ।

२५. मर्स्याङ्दी गाउँपालिकाको कार्यालयमा कार्यरत का.स. श्री रोलबहादुर पाण्डे र मर्स्याङ्दी गाउँपालिका वडा नं. ७ को कार्यालयमा कार्यरत का.स. यमबहादुर पाण्डेका बुबा नैनसिंह पाण्डेको ८४ वर्षको उमेरमा स्वर्गारोहण भएकोमा शोक प्रस्ताव सर्वसम्मतले पारीत गर्ने निर्णय गरियो ।